accountabilitylab knowledge

प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९



Photo from hr.parliament.gov.np

NEPAL
# GOVERNANCE Weekly

अंक ३६ | २४ भाद्र, २०७९

## प्रतिनिधि सभा र प्रदेश सभाको कार्यकालको सन्दर्भमा सरकारकै नीतिगत क्षमतामा प्रश्न

चौतर्फी आलोचनापछि सरकारले प्रतिनिधि सभा र प्रदेश सभाको कार्यकाल थप्ने समेत व्यवस्था गरी संघिय संसदमा पेश भएको विधेयक फिर्ता लिएको छ । सरकारले प्रतिनिधि सभा र प्रदेश सभाको कार्यकाल प्रतिनिधि सभा र प्रदेश सभाको पहिलो बैठकसम्म कायम राख्ने प्रस्ताव गरेको थियो । नेपालको संविधान अनुसार प्रतिनिधि सभा र प्रदेश सभाको कार्यकाल पाँच वर्ष हुने व्यवस्था छ ।

प्रतिनिधि सभा र प्रदेश सभाको पहिलो हुने निर्वाचित हुने प्रणाली अन्तरगतका सदस्यको हकमा निर्वाचन परिणाम प्रकाशन भएको मिति र समानुपातिक निर्वाचन प्रणाली तर्फ दलको उम्मेदवार निर्वाचित भएको मितिलाई आधार मान्ने भनिए पनि, दुबै तहमा कार्यकाल कहिलेदेखी प्रारम्भ हुन्छ भनेर कतै स्पष्ट छैन । किनभने, उम्मेदवार निर्वाचित भएको मिति हरेक ठाउँमा फरक-फरक छ । त्यसरी प्रत्येक सदस्य निर्वाचित भएको फरक-फरक मितिलाई आधार मानेर समयावधी गणना गर्दा फरक-फरक कार्यकाल मान्नुपर्ने हुन्छ, जुन व्यवहारिक हुँदैन ।

यस अघि निर्वाचन आयोगले पहिलो निर्वाचित मितिलाई आधार मानी प्रतिनिधि सभा र प्रदेश सभा सदस्यको पदावधी गणना व्यवहारिक हुने भनेर सरकारलाई परामर्श दिएको थियो । सोही परामर्शकै आधारमा सरकारले २०७९ साल मंसिर ४ गते निर्वाचन गर्ने मिति घोषणा गरिसकेको छ । अहिले निर्वाचन आचारसंहिता पनि प्रकाशित भईसकेको अवस्थामा सरकारले प्रतिनिधि सभा र प्रदेश सभाको कार्यकाल थप्ने प्रस्ताव ल्याउनुले सरकारकै नीतिगत क्षमतामा प्रश्न उठ्दैन ?

स्रोत: https://election.gov.np/admin/public//storage/HoR/Press%20release/Press%20Release%202079-05-20.pdf

## यस अंक भित्र

**म २०७९ मंसिर ४ गते १८ वर्ष पुग्छु । के मैले निर्वाचनमा मतदान गर्न पाउँछु?**

२०७९ मंसिर ३ गते १८ वर्ष उमेर पुरा भए निर्वाचनमा मतदान गर्न पाईन्छ ।

**बहालवाला मन्त्री चुनाव प्रचारप्रसारमा भाग लिन नपाउने हो ?**

निर्वाचनमा आफै उमेदवार भएका मन्त्रीले भने आफू उमेदवार भएको क्षेत्रमा प्रचारप्रसार गर्न पाउनेछन् ।

**पहिलो पटक भोट हाल्दैछु, त्यसैले उत्साहसँगै अपेक्षा पनि छ**

म ताप्लेजुङ जिल्लाको फक्ताङलुङ गाउँपालिका वडा नं. ७ अन्तरगतको वडा कार्यालय, ओलाङचुङगोला मतदान केन्द्रबाट पहिलो पटक मतदान गर्दैछु ।




## प्रतिनिधि सभा सदस्यका लागि समानुपातिक प्रणाली बमोजिम हुने निर्वाचनमा भाग लिने दलहरु

**६८** चुनाव चिन्ह

**७६** राजनीतिक दल

## प्रदेश सभा सदस्यका लागि समानुपातिक प्रणाली बमोजिम हुने निर्वाचनमा भाग लिने दलहरु



**कर्णाली प्रदेश**
५७ राजनीतिक दल
४९ चुनाव चिन्ह

**गण्डकी प्रदेश**
६० राजनीतिक दल
५२ चुनाव चिन्ह

**बागमती प्रदेश**
६६ राजनीतिक दल
५८ चुनाव चिन्ह

**प्रदेश १**
६३ राजनीतिक दल
५५ चुनाव चिन्ह

**सुदूरपश्चिम प्रदेश**
५८ राजनीतिक दल
५० चुनाव चिन्ह

**लुम्बिनी प्रदेश**
६२ राजनीतिक दल
५४ चुनाव चिन्ह

**मधेश प्रदेश**
६७ राजनीतिक दल
५९ चुनाव चिन्ह

स्रोत: https://cutt.ly/cCkUKwO

# MEDIA HIGHLIGHTS

आगामी मंसिर ४ गते हुने प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनका लागि देशभर १० हजार ८८८ मतदान केन्द्र स्थापना गरिएको छ । निर्वाचन आयोगले मतदान प्रक्रियालाई स्वच्छ, स्वतन्त्र र सुरक्षित तरिकाले सम्पन्न गर्ने उद्देश्यले मतदान केन्द्रको पुनरावलोकन गरिएको छ ।

*थप यहाँ हेर्नुहोस्: Kantipur*


Photo: Kantipur


Photo: Setopati

जिल्ला विपद् व्यवस्थापन समिति बाँकेले नरैनापुर गाउँपालिकालाई संकटग्रस्त क्षेत्र घोषणा गर्न संघ र प्रदेश सरकारलाई सिफारिस गरेको छ । लामो समयदेखी खडेरीको सामना गरिरहेको नगरपालिकामा यस वर्ष १५ प्रतिशत मात्रै धान रोपियो । समितिले राहत वितरण, प्रयाप्त सिँचाइ, वैकल्पिक बाली व्यवस्थापन लगायतका विषयमा पनि सुझाव दिएको छ ।

*थप यहाँ हेर्नुहोस्: Setopati*

नागरिक उ•यन प्राधिकरणले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट दिनमा एकभन्दा बढी उडान सञ्चालन गर्ने वायुसेवा कम्पनीलाई, २०२२ अक्टोबरदेखि गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट पनि अनिवार्य उडान गर्न निर्देशन दिएको छ । यस निर्णयले गौतमबुद्ध विमानस्थलमा पाँचवटा विमान कम्पनीका उडान थपिने अनुमान गरिएको छ । अहिले उक्त विमानस्थलबाट जजिरा एयरवेजले मात्र उडान गरिरहेको छ ।

*थप यहाँ हेर्नुहोस्: Ekagaj*


Photo: Ekagaj



Photo: Setopati

वैदेशिक रोजगार विभागको तथ्यांक अनुसार २०७८ भदौमा २४ हजार युवा विदेशिएका थिए । यो वषको भदौ महिनामा यो संख्या बढेर ४९ हजार ९२७ पुगेको छ । पुन:स्वीकृती लिनेको संख्या जोड्ने हो भने यो संख्या अझै बढी हुन आउँछ । सरकारले निर्वाचनको मिति घोषणा गरेको समयमा युवा विदेशिनुले राज्य युवाहरूको मुद्दा प्रती अझै संवेदनसिल हुन सकेन कि भन्ने प्रश्न उब्जाउँछ।

*थप यहाँ हेर्नुहोस्: Setopati*

# Rumors and Facts

Online

म २०७९ मंसिर ४ गते १८ वर्ष पुग्छु । के मैले सोही दिन हुने प्रतिनिधि तथा प्रदेश सभा निर्वाचनमा मतदान गर्न पाउँछु ?

कुनै पनि नेपाली नागरिक आगामी २०७९ मंसिर ४ गते हुने प्रतिनिधि तथा प्रदेश सभा निर्वाचनमा सहभागी हुनको लागि २०७९ श्रावण १९ गते (निर्वाचन घोषणा भएको दिन) सम्म मतदाता नामावलीमा नाम दर्ता भएको हुनु पर्दछ । तर, उक्त व्यक्ति निर्वाचन हुनु भन्दा पहिलो दिन अर्थात २०७९ मंसिर ३ गते १८ वर्ष उमेर पुरा भएको हुनु पर्दछ ।

*स्रोत: https://election.gov.np/admin/public//storage/HoR/*

बहालवाला मन्त्री चुनाव प्रचारप्रसारमा भाग लिन नपाउने भनेको रहेछ । प्राय मन्त्री त आगामी चुनावमा उम्मेदवार नै हुने होलान् । उनिहरूको प्रचारप्रसार कस्ले गरिदिन्छ ?

निर्वाचन आचारसंहिता, २०७९ अनुसार, नेपाल सरकार वा प्रदेश सरकारका मन्त्री, स्थानीय पालिका तथा सो का पदाधिकारीले कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचार प्रसारमा संलग्न हुन वा प्रचारप्रसार गर्न पाउने छैनन् । तर, निर्वाचनमा आफै उम्मेदवार भएका मन्त्रीले भने आफू उम्मेदवार भएको क्षेत्रमा प्रचारप्रसार गर्न पाउनेछन् । यसरी प्रचारप्रसार गर्दा सरकारी स्रोत साधनको प्रयोग गर्न भने पाईने छैन ।

*स्रोत: https://cutt.ly/7CwZszK*

Enter your Message

# पहिलो पटक भोट हाल्दैछु, त्यसैले उत्साहसँगै अपेक्षा पनि छ

मेरो नाम कर्मा सोनाम शेर्पा हो । उमेरले म २३ वर्षको भएँ । पढाईको सिलसिलामा काठमाण्डौको तिनचुलीमा बस्दै आईरहेको छुँ । चुनाव आउँदैछ भन्ने सुनेपछि मैले यस पटक सँगै बस्ने आमा बुबासँग कुरा गरेँ । जन्मथलो ताप्लेजुङ नगएको पनि ७ वर्ष भईसकेछ । आमा बुबासँगको सल्लाहपछि यस पटक चुनावमा भोट हाल्न गाउँ जाने निधो गरेको छुँ ।

> **आउँदो मंसिर ४ गते हुने प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचनमा म ताप्लेजुङ जिल्लाको फक्ताङलुङ गाउँपालिका वडा नं. ७ अन्तरगतको वडा कार्यालय, ओलाङचुङगोला मतदान केन्द्रबाट मतदान गर्दैछुँ ।**

यो मेरो लागि पहिलो अनुभव हुनेछ । २०७९ सालकै स्थानीय निर्वाचनमा पनि मेरो मतदाता परिचयपत्र बनिसकेको थियो । तर मलाई निर्वाचनप्रति कुनै चाँसो थिएन । उल्टै मलाई निर्वाचनप्रति वितृष्णा थियो । निर्वाचन त मलाई नेता र कार्यकर्ताहरूले मिलेर मनाउने उत्सव जस्तो मात्र लाग्थ्यो ।

साथिहरूले निर्वाचनको बेला राम्रो प्रतिनिधि छान्नुपर्छ भनेर सामाजिक सञ्जालमा अभियान चलाएको नियालिरहेको थिएँ । उनिहरूले युवाको सहभागिताको कुराहरु उठाइरहेका थिए । खराव नेतृत्वप्रतिको असन्तुष्टि पोखिरहेका थिए र परिवर्तनको कुरा पनि गरिरहेका थिए । त्यसपछि मात्र मैले निर्वाचन किन महत्वपूर्ण छ भन्ने कुरा बुझ्दै गएँ । खराब नेतृत्व छानिनुमा मेरो पनि हात छ भनेर पनि बुझे । कुल जनसंख्याको ४० प्रतिशत भन्दा बढी जनसंख्या


कर्मा सोनाम शेर्पा
क्तगामभलत

युवाको छ भन्ने सुनिन्छ, तर निर्वाचन जस्तो महत्वपूर्ण कुरामा युवा नै सहभागि भएन भने त भोली के को आधारमा सरकारलाई प्रश्न गर्ने ?

विस्तारै केही राम्रा परिवर्तन पनि देखिन थालेकाछन् । युवाहरु आफै अगाडि आएकै कारण उनिहरूको भुमिका पनि बढिरहेको छ । राम्रो प्रतिनिधि छान्ने कुरामा पनि उनिहरु सचेत हुन थालेकाछन् । म पनि मेरो घर अगाडीको बाटो बन्न किन ढिलो भयो भनेर कहाँ प्रश्न गर्न जाने अन्यौलता न आओस भन्न चाहन्छु । त्यसका लागि पनि असल जनप्रतिनिधि छान्नु आफ्नो दायित्व ठानेको छुँ ।

पहिलो पटक भएर होला मेरा अपेक्षासँगै आशाहरु पनि धेरै छन् । त्यसैले पनि हुन सक्छ, उत्साहित पनि त्यतीकै छुँ । भोली छानिएर आउने प्रतिनिधिले निरास नबनाउन् । म र म जस्ता युवाहरूको निर्वाचनको प्रकृया र महत्व प्रति विश्वास घटेर नजाओस् ।



NEPAL

# GOVERNANCE Weekly



**Nepal Governance Weekly** एउटा मञ्च हो, जसले नागरिक, नेतृत्व र संस्थाहरूलाई जोड्ने काम गर्दछ र यसले निर्वाचन सम्बन्धि भ्रामक तथा मिथ्या समाचारहरूका तथ्य पत्ता लगाएर आम नागरिकलाई सहि सूचना प्रवाह गर्दछ । अहिलेको निर्वाचनमा आम नागरिकलाई निर्वाचन प्रकृया, नागरिक सहभागिता र उमेदवारको बारेमा छिटो र भरपर्दो जानकारी आवश्यक पर्दछ । फेयर फ्याक्ट्सको माध्यमबाट हामी निर्वाचनलाई निष्पक्ष र समावेशी बनाउन आम नागरिकका आवाज र जिज्ञासाको सम्बोधन गर्दै परिवर्तनकारी समाज निर्माण गर्न चाहन्छौं । निर्वाचन भनेको मतदान मात्र होईन, यो लोकतान्त्रिक अभ्यासमा नागरिक सहभागिता र स्वतन्त्रताको विषय पनि हो । त्यसैले, लोकतन्त्रलाई बलियो बनाउन हामी तथ्यपरक सूचना प्रवाह गर्दै सवल समुदाय पनि निर्माणको प्रयास गर्दछौं ।

Brought to you by:

accountabilitylab NEPAL

## DISCLAIMER

*यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरु, बिभिन्न संस्था तथा व्यक्ति, निर्वाचन आयोनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईन एक्टिभिस्ट र सिभिक एक्सन टिमले विगत एक हप्तामा बिभिन्न व्यक्तिसँगको प्रत्यक्ष तथा अप्रत्यक्ष संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।*

## Community Space

यदि तपाई निर्वाचन सम्बन्धी सही र तथ्यपरक सूचना खोज्दै हुनुहुन्छ भने, निम्न संस्थाहरुको वेवसाइट फलो गर्नुहोस् ।

Digital Rights Nepal

nepal CHECK

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

### REACH OUT TO US ON

Email: nepal@accountabilitylab.org